**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

- गृह तथा सहकारिता मंत्री अमित शाह गुजरातको तीन दिवषीय भ्रमणमा हुनु हुन्छ।
- मुख्य निर्वाचन अधिकारी पश्चिम बंगालको कार्यालयले संचालित एसआईआर प्रक्रियामा तैनाथ बीएलओहरूलाई कड़ा चेताउनी दिइएको छ।
- हुगली जिल्लाको श्रीरामपुर महकुमा अंतर्गत 185, 186, 187, 194 र 195 विधानसभा क्षेत्रका ईआरओहरु सित रोल ऑब्जर्वर डॉ. बिश्वनाथले विस्तृत समीक्षा बैठक गर्नु भयो।
- वेस्ट बंगाल ज्यूडिशियल सर्भिस प्रीलिमिनरी परीक्षालाई ध्यानमा राखेर भोलि मेट्रोको समय सारिणीमा फेरबदल गरिएको छ।
- तक्लिंग-एक ग्राम पंचायत कार्यालयमा ल्याण्ड म्यूटेसनको कागज पट्टा वितरण गरियो।

**अमित शाह - सलाहकार समिति**

गृह तथा सहकारिता मंत्री अमित शाहले आज गुजरातमा बनास डेयरीमा सहकारिता मंत्रालयको संसदीय सलाहकार समितिको तेस्रो बैठकको अध्यक्षता गर्नु हुनेछ। श्री शाह गुजरातको तीन दिवषीय भ्रमणमा हुनु हुन्छ। उहाँले सनादरमा बनास डेयरीको जैव - सीएनजी अनि उर्वरक संयंत्रको पनि उद्घाटन गर्नु हुनेछ तथा अत्याधुनिक 150 टीपीडी मिल्क पाउडर र बेबी फूड संयंत्रको शिलान्यास गर्नु हुनेछ।

**राष्ट्रपति-रूस**

**रुसी राष्ट्रपति भ्लादिमिर पुटिन आफ्नो भारत भ्रमण सकेर हिजो राति पालम विमानस्थलबाट रुस प्रस्थान गर्नुभएको छ। । उहाँलाई भारतीय विदेशमन्त्री एस जयशंकरले विमानस्थलमा बिदाइ गर्नुभयो।**राष्ट्रपति द्रौपदी मुर्मुले हिज साझ रूसका राष्ट्रपति व्लादिमीर पुतिनको सम्मानमा रात्रिभोजको आयोजना गर्नु भयो। यस अवसरमा श्री मुर्मुले भन्नु भयो राष्ट्रपति पुतिनको यो यात्रा दुवै देश माझ रणनीतिक संबंधको लागि महत्वपूर्ण रहेको छ। भारत-रूस रणनीतिक भागीदारीको यस 25 औवर्ष पुरा भएकोछ।राष्ट्रपति मुर्मुले भारत-रूस विशेष अनि विशेषाधिकार प्राप्त रणनीतिक साझेदारीको लागि राष्ट्रपति पुतिनको समर्थन अनि व्यक्तिगत प्रतिबद्धताको सराहना गर्नु भयो।

**70औ महापरिनिर्वाण दिवस**

राष्ट्रले आज भारतरत्न डा. बीआर अम्बेडकरको 70औँ महापरिनिर्वाण दिवस वा पुण्यतिथिको अवसरमा उहालाई श्रद्धाञ्जली अर्पण गरिरहेको छ। राष्ट्र निर्माणमा डा. अम्बेडकरको योगदानलाई उजागर गर्न देशभरि विभिन्न कार्यक्रमहरूको आयोजना गरिएको छ। राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सीपी राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी, लोकसभा अध्यक्ष ओम बिरला लगायत अन्य व्यक्तिहरूले आज बिहान नयाँ दिल्लीको संसद भवन परिसरमा प्रेरणा स्थलमा पुष्पांजलि अर्पण गर्नुहुनेछ। संसद भवनको **लॉन**मा रहेको डा. अम्बेडकरलाई श्रधांजलिअर्पण गर्न सम्पूर्ण कार्यक्रम सर्वसाधारणका लागि खुला गरिनेछ। डा.

अम्बेडकरको महापरिनिर्वाण दिवस प्रत्येक वर्ष डा. अम्बेडकर फाउन्डेसनद्वारा भारत सरकारको सामाजिक न्याय र अधिकारिता मन्त्रालयको तर्फबाट मनाइन्छ। यो एक दूरदर्शी समाज सुधारक, न्यायविद र राजनीतिज्ञ डा. अम्बेडकरको पुण्यतिथिको उपलक्ष्यमा गरिन्छ।

**बंगाल एसआईआरमा डेटा गल्तीमाथि बीएलओलाई कड़ा चेताउनी**

मुख्य निर्वाचन अधिकारी पश्चिम बंगालको कार्यालयद्वारा संचालित स्पेशल इंटेंसिव रिभीजन अर्थात एसआईआर प्रक्रियामा तैनाथ बीएलओहरूलाई कड़ा चेताउनी दिइएको छ, मतदाता डेटा अपलोड गर्नमा सुनियोजित गल्ती गरेको भेटिए सम्बन्धित बीएलओमाथि कड़ा अनुशासनात्मक कारबाही गरिनेछ। यस सम्बन्धमा जारी आधिकारिक निर्देश "हिन्दुस्तान समाचार"-सित उपलब्ध छ।निर्देशमा स्पष्ट रूपमा भनिएको छ, मतदाता सूचीसित जोड़िएको हरेक डेटा पूर्ण रूपले सही तथा भरोसायोग्यको हुनुपर्छ। साथै बीएलओलाई यो पनि स्मरण गराइएको छ, एसआईआर प्रक्रिया अवधि उनीहरू निर्वाचन आयोगको प्रतिनियुक्तिमा छन्, त्यसैले नियोजित गल्ती वा लापरवाही गरिएको खण्डमा आयोगलाई कारबाही गर्ने पूर्ण अधिकार छ। निर्देशमा भनिएको छ, मृत, अनुपस्थित, स्थानान्तरित वा डुप्लिकेट मतदाताहरूको नाम हटाउनुपर्छ। मुख्य उद्देश्य यो सुनिश्चित गर्नु हो कि कुनै पनि योग्य मतदाता नछुटोस् अनि कुनै पनि अयोग्य मतदाता सामेल नहोस्। यो सन्देश बंगलामा जारी गरिएको थियो।सीईओ कार्यालयको सूत्र अनुसार  यो चेताउनी यसकारण जारी गरिएको हो किनभने संशोधन प्रक्रिया अवधि डेटा एन्ट्रीमा केही गड़बड़ी वा अनियमितता भएको भेटिएको छ। एक जना वरिष्ठ अधिकारी अनुसार आयोगले शुरूमै कारबाही गर्नको सट्टा बीएलओलाई आफ्नो गल्ती सुधार्ने अवसर दिनको लागि यो चेताउनी पठाएको हो।
एसआईआरको तीन चरणको प्रक्रिया गत 4 नोभेम्बरदेखि शुरू भएको थियो भने पहिलो चरण आगामी 16 दिसम्बरमा ड्राफ्ट मतदाता सूचीको प्रकाशनसितै पूरा हुनेछ। त्यसपछि नोटिस चरण हुनेछ जसमा ड्राफ्ट सूचीमा आपत्ति तथा दाबीहरूको सुनवाई, जाँच एवं समाधान सामेल रहनेछ। यो प्रक्रिया आगामी 16 दिसम्बरदेखि 7 फरवरी, 2026-सम्म जारी रहनेछ।

**रोल ऑब्जर्वरको समीक्षा बैठक**

श्रीरामपुर महकुमा अंतर्गत 185, 186, 187, 194 र 195 नंबर विधानसभा क्षेत्रको सबै ईआरओ अधिकारिहरु सित हिज रोल ऑब्जर्वर डॉ. बिश्वनाथले एक विस्तृत समीक्षा बैठक गर्नु भयो । बैठकमा सबै बीडीओ, एईआरओ तथा 195 अनि 196 नंबर विधानसभा क्षेत्रको चयनित बीएलओ उपस्थित रहेक थिए ।
बैठक अवधि ऑब्जर्वरले बीएलओ, एईआरओ अनि सुपरवाइज़रहरुको कार्य प्रगतिको विस्तार सित मूल्यांकन गर्नु भयो । उहाले महत्वपूर्ण सुझाव दिनु भयो अनि भारत निर्वाचन आयोगको निर्देशानुसार सटीक, गुणवत्तापूर्ण र स्वस्थ मतदाता सूची तयार गर्न विशेष जोर दिनु भयो ।
बैठक पछि रोल ऑब्जर्वर डॉ. बिश्वनाथ स्वयं 85 वर्ष अनि त्यस भन्दा अधिक आयु भएका केहि वरिष्ठ मतदाताहरुको घर गएर उनीहरु सित भेट गर्नु भयो ।

**ज्यूडिशियल सर्भिस प्रीलिमिनरी परीक्षा**

वेस्ट बंगाल ज्यूडिशियल सर्भिस प्रीलिमिनरी परीक्षालाई ध्यानमा राखेर भोलि मेट्रोको समय सारिणीमा फेरबदल गरिएको छ। अन्य दिनको तुलनामा आइतवार मेट्रो सेवा केही ढिलो गरी शुरू हुन्छ। तर भोलि दक्षिणेश्वर देखि शहीद खुदीराम रूटमा मेट्रो सर्भिस बिहान 7 बजेको सट्टा 6 बजे शुरू हुनेछ। शहीद खुदीराम देखि दक्षिणेश्वर सम्म ब्लू लाइनमा मेट्रो परिसेवा पाइनेछ। भोलि त्यस रूटमा 136 मेट्रो चलनेछ अर्थात डाउन र अप लाइन गरी 68-68 मेट्रो चल्नेछ।

यता दक्षिणेश्वर देखि शहीद खुदीराम रूटमा मेट्रो सर्भिस बिहान 9:04 बजे शुरू हुनेछ। तथापि यस रूटमा अन्तिम मेट्रोको समय सारिणीमा कुनै फेरबदल गरिएको छैन। शहीद खुदीरामदेखि दक्षिणेश्वरको लागि अन्तिम मेट्रो राती 9:30 बजे प्रस्थान हुनेछ।

शहीद खुदीराम जाने मेट्रो दक्षिणेश्वर देखि राती 9:33 बजे प्रस्थान हुनेछ भने शहीद खुदीरामदेखि दमदमसम्मको अन्तिम मेट्रो राती 9:43 बजे प्रस्थान गर्नेछ।

## आईआईटी खड़गपुर र भूवैज्ञानिक सर्वेक्षण माझ समझौता

भारतीय प्रौद्योगिकी संस्थान (आईआईटी) खड़गपुर अनि भू-वैज्ञानिक सर्वेक्षण भारत (जीएसआई) ले भू-विज्ञान सित जोडिएका उदयमान क्षेत्रमा अनुसंधानलाई नयाँ दिशा दिने उद्देश्य सितै एक महत्वपूर्ण समझौता ज्ञापनमा हस्ताक्षर गरेकोछ। जयपुरमा आयोजित अंतरराष्ट्रीय सम्मेलन "अतीतको उत्खनन, भविष्यको निर्माण : जीएसआई को 1 सय 75 वर्ष" को उद्घाटन समारोहमा यो कार्यक्रम सम्पन्न भयो। समझौता ज्ञापनको आदान-प्रदान आईआईटी खड़गपुरका भू-विज्ञान एवं भू-भौतिकी विभागका प्रोफेसर मनीष ए. ममतानी अनि जीएसआईका महानिदेशक असीत साहा माझ भयो। समझौता अंतर्गत महत्वपूर्ण खनिजहरुको खोज-अन्वेषण, भू-तापीय ऊर्जा अध्ययन, ग्रह-भूविज्ञान, पृथ्वीमा प्रारंभिक जीवनको अध्ययन तथा प्राकृतिक आपदाहरुको जोखिम मूल्यांकन जस्ता उदयमान अनुसंधान क्षेत्रहरुमा सहयोग गरिने छ। यस साझेदारीको माध्यमले संयुक्त शोध परियोजना, तथ्यांक साझाकरण, फील्ड अध्ययन,तकनीकी प्रशिक्षण र शैक्षणिक सहयोगलाई बढ़ावा मिल्नेछ, जसले देशको वैज्ञानिक क्षमता अनि संसाधन प्रबंधन रणनीति सुद्रिड हुनेछ।

## **तक्लिंग-एक ग्राम पंचायतमा जमिनको पट्टा वितरण**

वितेको केही महिनामा तक्लिंग-एक ग्राम पंचायत कार्यालयमा ग्राम पंचायत अनि पंचायत समितिको संयुक्त पहलमा ल्याण्ड म्यूटेसन बिषय लिएर क्याम्प आयोजना गरिएको थियो। उक्त समय धेरै पुराना पुराना म्यूटेसन नभएका थुप्रै समस्याहरु लिएर मानिसहरु आएका थिए भने सबैले त्यस शिविरमा आ-आफ्नो दस्तावेजहरु लिएर ल्याण्ड म्यूटेसनको निम्ति फारम भरेका थिए।

हिज उक्त दस्तावेजहरुको आधारमा तयार पारिएका उक्त ल्याण्ड म्यूटेसनको कागज पट्टा तक्लिंग-एक ग्राम पंचायत कार्यालयमा रंगली रंगलीयट खण्ड पंचायत समिति सभापति देव कुमार छेत्री, तक्लिंग-एक ग्राम पंचायत प्रधान चाँदनी तामांगको बिशेष उपस्थितिमा वितरण गरियो। जमिनको पट्टा वितरण कार्यको साथै तक्लिङ-एक ग्राम पञ्चायत कार्यलयमा विभागीय अधिकारीको उपस्थितिमा कृषक बन्धु योजनाको फारम भर्ने कार्य पनि भएको जानकारी प्राप्त भएको छ।

****** ० ******